## १. निकायको स्वरुप र प्रकृति :

जिल्ला प्रशासन कार्यालय झापाको शाखाको रुपमा स्थापना भई सार्वजनिक सेवा प्रवाह गर्दै आइरहेको यो इलाका प्रशासन कार्यालयको वि.स.२०५० सालमा स्थापना भएको हो ।

जनतालाई यथा सम्भव सवै भन्दा नजिकको स्थानबाट सेवा प्रवाह गर्ने उद्देश्यले जिल्ला प्रशासन कार्यालय, झापाको इकाईको रुपमा झापा जिल्लाको दमकमा इलाका प्रशासन कार्यालय, दमकको स्थापना भएको हो। साविकमा माई पश्चिमका दमक नगरपालिका र दश गा.वि.स.हरु लखनपुर, तोपगाछी, गौरादह, जुरोपानी, केरावारी बैगुनधुरा, कोहवरा, खजुरगाछी, गौरीगञ्ज र महारानी झोडाका सर्वसाधारणलाई सेवा प्रवाह गर्दै आएकोमा गृहमन्त्रालय (मन्त्रीस्तर) को मिति २०७१।७।२६ को निर्णयानुसार थप पाँच गा.वि.स.हरु सताशीधाम, शिवगन्ज, धरमपुर, पाँचगाछी र महाभाराको समेत जिम्मेवारी दिइ कार्यक्षेत्र विस्तार गरियो ।२०७३ सालमा झापाको गौरीगञ्जमा अर्को इलाका प्रशासन कार्यालय स्थापना भएपछि यस कार्यालयको कार्य क्षेत्रमा पर्ने गौरादह, जुरोपानी, कोरोवारी बैगुनधुरा, कोहवरा, खजुरगाछी, गौरीगञ्ज र महाभारा जस्ता साविक गा.वि.स.हरु इलाका प्रशासन कार्यालय, गौरीगन्जको कार्यक्षेत्रमा पर्न गइ यस कार्यालयको कार्यक्षेत्र घटेको छ ।नेपाल संघियतामा रुपान्तरण भइ सके पछि स्थानीय तहको वर्तमान संरचना अनुसार दुइ नगरपालिकाहरु दमक तथा शिवसताक्षी र एक गाऊँपालिका कमल गाऊँ पालिका गरी तीनवटा स्थानीय तहका जनताहरुलाई नागरिकता, राहदानी एवम राष्ट्रिय परिचयपत्र लगायतका सेवाहरु यस कार्यालयले प्रवाह गर्दै आएको छ । यो कार्यालय नेपाल नागरिकता ऐन तथा नियमावलीमा तोकिएका कामहरुका अतिरिक्त बिभागीय कार्य बिवरण र प्रमुख जिल्ला अधिकारीबाट प्रत्यायोजन वमोजिम भएका कार्यहरु सम्पादन गर्ने सार्वजनिक निकाय हो ।

## २. इलाका प्रशासन कार्यालयको कार्यक्षेत्र : सामान्य परिचय

### (क) दमक नगरपालिकाको सामान्य परिचय

नेपालको सुदुर पूर्वको पश्चिमोत्तर क्षेत्रमा अवस्थित कोशी प्रदेशको झापा जिल्लामा पर्ने दमकको उत्तर तर्फ ईलाम जिल्लाको चुलाचुली गाउँपालिका दक्षिण तर्फ गौरादह नगरपालिका, पश्चिम तर्फ मोरङ जिल्लाको मिक्लाजुङ गाउँपालिका र उर्लावारी नगरपालिका, र पूर्व तर्फ चुलाचुली गाउँपालिका र कमल गाउँपालिका रहेका छन । यस दमक नगरपालिको कुल क्षेत्रफल ७५.८५ बर्ग कि.मि रहेको छ।

बिभिन्न जनजातिहरुको बसोवास रहेको यस नगरीमा खास गरी बाहुन, क्षेत्री, धिमाल, लिम्बु, राई, मगर, सतार, राजवंशी, कुमाल, दमाई, कामी, तामाङ, गुरुङ, थारु, मुस्लिम, सुनुवार, माझी आदिको वाहुल्यता पाईन्छ ।

बि.सं. २०३९ सालमा तत्कालिन नगर पंचायतका नाउँमा स्थापित यो नगरपालिकाको क्षेत्रफल ७५१३ हेक्टर रहेको छ।यस नगरपालिकामा साविक का १९ वटा वडाहरु नेपाल सरकारद्वारा मिति २०७३-११-२७ गते गरिएको पुनःसंरचना अनुसार हाल १० वटा वडामा कायम रहि दमक नगरपालिका, नगरकार्यपालिकाको कार्यालय भएको छ । बिगत बर्ष देखि दमक नगरपालिकामा बुधवार हाटवजार लाग्ने चलन हालसम्म पनि यथावत रहेको छ।यस नगरपालिकाको जनसंख्या २०७८ सालको जनगणना अनुसार पुरुष ५०८१९ जना र महिला ५६४०८ गरि कुल १०७२२७ जना रहेको छ ।

शाखा अधिकृत